## परिचय

ग्रामीण पहुंच कार्यक्रम श्री ५ को सरकार र बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग बिच द्विपक्षीय सम्झौता भई सन् २००१ को अगष्टदेखि नेपालका १० वटा जिल्लाहरू संखुवासभा, भोजपुर, खोटाङ्ग, दैलेख, अछाम, तेन्हथुम, प्यूठान, रूकुम, रोल्पा र डोटीमा सञ्चालनमा रहेको छ । यो कार्यक्रम संखुवा-सभा जिल्लामा भने सन् २००२ मार्चमा ग्रामीण पहुंच कार्यक्रम र जिल्ला विकास समिति संखुवा-सभा बिच उप-सम्झौता भई तत्पश्चात् सञ्चालनमा रहेको छ । ग्रामीण पहुंच अन्तर्गत नै दिगो ग्रामीण यातायातको पूर्वाधार तथा पहुँचमा बाधा पुऱ्याउने सामाजिक अवरोधलाई न्यूनीकरण गर्न अभिवृद्धि तथा संरक्षण गतिविधि कार्यक्रमको व्यवस्था गरेको छ । अभिवृद्धि तथा संरक्षण गतिविधि भन्नाले निम्न गतिविधि भन्ने बुभिन्छः

- **न्यूनीकरण तथा संरक्षण गतिविधिः** सडक निर्माणबाट पर्न सक्ने नकारात्मक असरहरूलाई न्यूनीकरण गरी त्यस्ता असरहरूबाट बचाउन सञ्चालन गरिने गतिविधिहरू ।
- **सक्षम बनाउने गतिविधिः** सडक निर्माणबाट प्रत्यक्ष फाइदा लिनको लागि देखा परेका बाधाहरूलाई न्यूनीकरण गरी त्यसबाट फाइदा लिन सक्षम बनाउने गतिविधि ।
- **अभिवृद्धि गने गतिविधिः** लक्षित समूहहरूले सडक निर्माणबाट हुने दीर्घकालिन सामाजिक तथा आर्थिक असरहरूबाट फाइदा लिइरहन सक्ने कुराहरूलाई सुनिश्चित गर्ने गतिविधिहरू ।

विजय विकास स्रोत केन्द्र गैंडाकोटमा २०३६ सालमा स्थापना भएको एउटा राष्ट्रियस्तरको गैन्ह सरकारी संस्था हो । यसले विगत एक दशक यतादेखि देशका विभिन्न स्थानमा (जिल्लाहरूमा) विभिन्न दातृ निकायसंगको साझेदारीमा साझेदारी कार्यक्रमहरू कार्यान्वयन गर्दै आइरहेको छ । यस संस्थाले मूलत तीन प्रकारका कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ । **(क) कोषवृद्धि कार्यक्रमः** संस्थाले आफ्नो आय आर्जन वृद्धि गरी आफू दिगो बन्नका लागि सञ्चालन गरिने कार्यक्रम । **(ख) प्रवर्धकीय र कल्याणकारी कार्यक्रमः** आफ्नै स्रोत र साधनबाट स्थानीय समुदाय तथा संस्थाको हित र प्रोत्साहनका लागि समर्पित कार्यक्रमहरू । **(ग) साझेदारी कार्यक्रमः** आफ्नो विगतको अनुभवको आधारमा विभिन्न क्षेत्रमा संस्थाको मूल्य र मान्यतासंग मेलखाने विभिन्न दातृसंस्थाहरूसंग गरिने कार्यहरू । मूलत सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने यस संस्थाले खानेपानी, अनौपचारिक शिक्षा, स्वावलम्बन प्रवर्द्धन, वृक्षारोपण, सामुदायिक उद्यमशिलता, वन व्यवस्थापन, बाल बालिका, हरित सडक खण्ड आदि क्षेत्रहरूमा आफ्ना कार्यक्रमहरू सञ्चालन गरेको छ । साझेदारी कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा यस संस्थाले जि.वि.स. संखुवासभासंग सम्झौता गरी २०६० आषाढदेखि ग्रामीण पहुँच कार्यक्रम अन्तर्गत अभिवृद्धि तथा संरक्षण गतिविधि कार्यक्रम संखुवासभा जिल्लाको दक्षिणी भेगका ९ वटा गा.वि.स. हरूमा सञ्चालन गरिरहेको छ

## कार्यक्रमको लक्ष्य

यो कार्यक्रमका लक्ष्य नेपालको पहाडि क्षेत्रहरूका गरिब तथा पिछडिएका जनताहरूको सुरक्षित तथा दिगो जीविकोपार्जनको अवस्था सिर्जना गराउनु हो ।

## मुख्य उद्देश्यः

लक्षित वर्गलाई सडक निर्माणबाट हुने दीर्घकालिन सामाजिक तथा आर्थिक अवसरहरूबाट फाइदा लिइरहन सक्षम तुल्याउनुका साथै उनीहरूको आवश्यक उपभोग्यबस्तु, सेवा तथा बजारको पहुँचमा अभिवृद्धि गराउनु ।

## कार्यक्रमको उद्देश्यहरूः

यस कार्यक्रमको उद्देश्यहरू निम्न प्रकार छन्ः

- सडक निर्माण क्षेत्रमा सडक निर्माण समूह गठन गरी समूहलाई सक्षम बनाउने ।
- जनचेतना अभिवृद्धि गराउने ।
- सडक निर्माण समूहका सदस्यहरूको आम्दानी अभिवृद्धि गराउन सहयोग गर्ने ।
- विपन्न वर्गलाई स्थानीय निमार्ण प्रकृयामा संलग्न गराउन सहयोग गर्ने ।
- जिल्ला विकास समिति, गाउँ विकास समिति तथा अन्य विषयगत कार्यालयहरू तथा संस्थाहरूसंग समन्वय गरी एकिकृत योजना मार्फत् कार्यक्रम सञ्चालन गर्ने ।

## कार्यक्रमको लक्षित वर्ग

सडक केन्द्रविन्दुबाट दायाँ बायाँ डेढ घण्टाको पैदल दुरी भित्रका क्षेत्रहरू (प्रत्यक्ष प्रभावित क्षेत्र) का गरिबहरू र विपन्नहरू ।

## कार्यक्षेत्र

यो कार्यक्रमको कार्यक्षेत्र संखुवासभा जिल्लाका २ वटा हरित सडक खण्डहरू (१) चैनपूर-विहीबारे-बान्हविसे । (२) चैनपुर-नुनढाकी-गुफापोखरी अन्तर्गतका ९ गा.वि.स.हरू चैनपूर, सिद्धकाली, सिद्धपोखरी, नुनढाकी, जलजला, वाना, स्यांवुन, सभापोखरी र बान्हबिसे रहेका छन् ।

## सम्पन्न क्रियाकलाप र उपलब्धिहरू



संरक्षण तथा न्यूनीकरण गतिविधिः यस गतिविधि अन्तर्गत कार्यक्षेत्रका ९ वटै गा.वि.स. हरूमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । ग्रामीण पहुँच कार्यक्रम अभिवृद्धि तथा संरक्षण गतिविधि सम्बन्धी चेतना जगाउने, सडक निर्माण समूहका सदस्यहरूलाई प्राथमिक उपचार, लैङ्गिक सचेतना र विवाद व्यवस्थापन तालिम दिने काम सम्पन्न भइसकेका छन् । साथै सडक निर्माण समूहमा सार्वजनिक लेखापरीक्षण गर्ने काम



सम्पन्न भएको छ भने समूहमा निरन्तर सचेतना लगायत समूहमा सडक निर्माणबाट हुने फाइदा बारे जानकारी गराउने काम भएको छ । महिला र पुरुषको समान सहभागिताबारे छलफल गर्ने काम भएको छ ।

**सक्षम बनाउने गतिविधिः** यस गतिविधिमा सर्वप्रथम कार्यक्षेत्रमा पहिले नै भइरहेका समूहको प्रोफाइल तयार गर्ने काम भएको छ । जस अन्तरगत ७९ वटा स्वावलम्बी समूह तथा ५९ वटा श्रमिक समूहको प्रोफाइल तयार गरिएको छ ।



हालसम्म ३५ वटा सडक निर्माण समूह (स.नि.स.) को गठन भएको छ । यी समूहहरूमा बचत तथा ऋण परिचालन शुरूवात भई नियमित रूपमा बैठक बस्ने परिपाटीको विकास भएको छ । साथै बचत संकलन गर्ने र त्यसलाई विभिन्न आयमूलक क्षेत्रहरूमा ऋण लगानी गर्ने काम भएको छ । सबै समूहले आफ्नो समूह भित्र नीति नियमहरू निर्माण गरेका र पालना गरेका छन् । समूहलाई दिगो रूपमा सञ्चालन गर्नका लागि सबै समूहहरूलाई समेटिने गरी ४ वटा सडक निर्माण समूहको सञ्जाल स्थापनाको लागि तयारी भइरहेको छ ।



**अभिवृद्धि गर्ने गतिविधिः** यस गतिविधि अन्तर्गत सबै समहूलाई समेट्ने गरी बचत तथा ऋण परिचालन तालिम र समूह व्यवस्थापन/नेतृत्व विकास तालिम सम्पन्न भएका छन् । कार्यक्रममा ११ वटा साक्षरता कक्षा सम्पन्न भइसकेका छन् भने सबै समूहलाई खाता-पाता तथा अन्य आवश्यक सामग्रीहरू वितरण भइसकेका छन् । हरेक समूहलाई एक-एक वटा प्राथमिक उपचार बक्स र औषधी वितरण भइसकेको छ । कार्यक्रमले हालसम्म प्रत्यक्ष रूपमा ८२९ घरधुरी समेटेको छ ।



## आगामी कार्यक्रमहरू

आगामी दिनमा नयाँ समूहहरूमा थप साक्षरता कक्षा सञ्चालन गर्ने र पूराना समूहहरूमा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने पूर्वबाल विकास कक्षा सञ्चालन गर्ने, नयाँ सडक निर्माण समूह गठन गर्ने र उनीहरूलाई विभिन्न तालिमहरू प्रदान गर्ने तथा उनीहरूलाई उद्यम विकास कार्यक्रमसंग सम्पर्क र समन्वय गराई सो कार्यक्रमबाट फाइदा दिलाउने जस्ता कार्यक्रमहरू रहेका छन् । त्यस्तै गरेर स.नि.स. को सञ्जाललाई थप सक्षम र सक्रिय बनाउने र विभिन्न जल्दोबल्दो विषयहरू जस्तैः बाल अधिकार, एच.आई.भी./एड्स, दलित, स्वास्थ्य सरसफाइमा कार्यशालाहरू सञ्चालन गर्ने लगायत स.नि.स तथा अन्य सरोकारवालालाई शु-सूचित गर्नका लागि विभिन्न पोष्टर, पम्प्लेट, ब्रोसर तयार गरी वितरण गर्ने, समूहलाई अवलोकन भ्रमण गराउने लगायतका केही पुराना र नयाँ गतिविधिहरू सञ्चालन गरिने छन् ।

## विस्तृत जानकारीका लागि


**विजय विकास स्रोत केन्द्र**
**सम्पर्क कार्यालय**
चैनपुर, संखुवासभा
फोन नं. ०२९-५७०१२१/५७०२२४

वा

**विजय विकास स्रोत केन्द्र**
**केन्द्रीय कार्यालय**
गैंडाकोट-८, नवलपरासी
फोन नं.: ०५६-५०११७२, ५०११००
फ्याक्सः ०५६-५०११७२
E-mail: vdrc@wlink.com.np, Website: www.vdrc.org.np


# विजय विकास स्रोत केन्द्र

# अभिवृद्धि तथा संरक्षण गतिविधि

ग्रामीण पहुँच कार्यक्रम
संखुवासभा



## एक झलक
## २०६१